# ४ पवित्र आत्मा को हुनुहुन्छ

***यस अध्यायका मूल पदहरू:*** यूहन्ना १६:१३,१४, रोमी ८:१४-१६, रोमी १५:१३, यूहन्ना १४:५, यूहन्ना १७:१७ र रोमी ५:५।

***यस अध्यायका कण्ठ गर्नुपर्ने मूल सार पद:*** "तर पिताले मेरो नाउँमा तिमीहरूलाई सहायता गर्न मित्र पठाउनुहुनेछ। त्यो मित्र पवित्र आत्मा हुनुहुन्छ। उहाँले तिमीहरूलाई सबै थोक सिकाउनुहुनेछ। मैले तिमीहरूलाई भनेको प्रत्येक थोक उहाँले नै तिमीहरूलाई याद दिलाउनुहुनेछ।" (यूहन्ना १४:२६ रूपान्तरित)।

बाइबलले केही हदसम्म पवित्र आत्माको बारेमा वर्णन गर्दछ। तर कहिलेकाहीँ पवित्र आत्माको बारेमा बाइबलमा प्रयोग गरिएका भाषा वा शब्दहरूले उहाँ व्यक्ति होइन कि भन्ने आभास् दिएको पाइन्छ। ती भाषा व शब्दहरू पवित्र आत्माको बारेमा बुझाउन प्रयोग गरिएका शब्द चित्र वा प्रतिकहरू हुन् भनेर बुझ्नुपर्छ। उहाँलाई बतास वा आगोको संज्ञा दिएको छ। तर त्यसको अर्थको गहिऱ्याइ नबुझ्दा कतिपय मानिसहरूले पवित्र आत्मा वास्तविक व्यक्ति होइन भनेर निश्कर्ष निकालेका हुन्छन्। तिनीहरूले उहाँलाई दैविक शक्ति, बल वा उर्जाको रूपमा हेर्दछन्। उहाँ बिजुलीको अदृष्य शक्ति वा करेन्ट हुनुहुन्छ जुन् हामीहरूको शरीरमा बहन्छ र हामी चल्न उर्जा वा बल दिन्छ भनेर तिनीहरूले सोच्दछन्। यो दृष्टिकोणलाई प्रमाणित गर्न बाइबलमा धेरै पदहरू छन्। तिनीहरूले सजिलैसँग त्यस धारणा ठिक छ भनेर मानिसहरूले निश्कर्ष निकाल्न सक्छन्। तर वास्तविक प्रश्नहरू त हामीले यो पनि गर्नुपर्छ, के बाइबलमा त्यस्तै खालका पदहरू छन् जसले पवित्र आत्मामा भावनाहरू छन् अर्थात् उहाँ भावुक बन्न सक्छन्, उहाँको दिमाग छ र सोच्न सक्छन् र व्यक्तिको जस्तो उहाँको चालामाला छ भनेर प्रमाणित गर्दछन्?

बाइबलमा धेरै पदहरू छन् जसले पवित्र आत्माको बारेमा बढि व्याख्या गर्दछन्। ती पदहरूले मानिसले सोचेको भन्दा बढि उहाँ को हुनुहुन्छ भनेर असली चित्रण गर्दछन्। यस अध्यायमा ती केही पदहरूको अध्ययन गर्नेछौं। पवित्र आत्माको व्यक्तित्वको बारेमा ती पदहरूले अझ बढि सिकाउन सहायता गर्न सक्छन्। त्यस आत्मज्ञानले हामीहरूको जीवनमा पवित्र आत्माको

लक्ष्य र कामलाई अझ राम्रोसँग प्रष्ट पार्नेछ। यदि यो सत्यलाई हामीले बुझ्न सक्यौं भने पवित्र आत्मा कुनै आवेग वा हावा नभएर व्यक्ति नै हुनुहुन्छ भनेर विश्वास गर्न जरुरी छ भनेर हामीलाई सहयोग मिल्न सक्छ। आखिरमा हामीले पवित्र आत्माको बारेमा सही सोच लिनु अत्यन्त आवश्यक छ। अनिमात्र उहाँलाई हामीबाट दिइने प्रेम, भक्ति, आराधना, भरोसा र उहाँको वचन वा आवाज मान्न उहाँ योग्यको हुनुहुन्छ भनेर बुझ्न सक्षम् हुन्छौं।

## १ पवित्र आत्माको व्यक्तित्वको बारेमा येशूले के भन्नुहुन्छ? (यूहन्ना १६:१३,१४)

देहायका पदहरूमा येशूले पवित्र आत्माको व्यक्तित्वको बारेमा वर्णन गर्नुभएको छ। उहाँले पवित्र आत्मालाई सहयोगी वा सान्त्वनाकारी (ग्रीक भाषमा पाराकलेटस्-parakletes) भनेर सम्बोधन गर्नुभएको अर्थ के हो? हेर्नुहोस्ः यूहन्ना १६:१२-१५ “१२ “मैले तिमीहरूलाई भन्नुपर्ने कुरा त धेरै थिए, तर अहिले योभन्दा बढी तिमीहरूले बुझ्न सक्दैनौ। १३ तर सत्यका आत्मा आउनुभएपछि उहाँले नै सत्य के हो भन्ने कुरा तिमीहरूलाई बुझाइदिनुहुनेछ। उहाँले आफ्नै तर्फबाट कुरा गर्नुहुनेछैन। उहाँले जे सुन्नुहुनेछ, त्यही नै तिमीहरूलाई भन्नुहुनेछ अनि पछि हुन आउने कुराहरू पनि बताइदिनुहुनेछ। १४ मैले भनेका कुराहरू तिमीहरूलाई बताइदिएर उहाँले मेरो महिमा गर्नुहुनेछ। १५ पितासँग भएका सबै कुरा मेरा हुन्। त्यसैकारण मैले ‘सत्यको आत्माले तिमीहरूकहाँ मेरा कुराहरू प्रकट गरिदिनुहुनेछ’ भनेको हुँ।” , यूहन्ना १५:२६,२७ “२६ “म पिताबाट सत्यको आत्मा तिमीहरूलाई सहायता गर्न पठाउनेछु। उहाँ आएर उहाँले मेरो बारेमा साक्षी दिनुहुनेछ २७ अनि तिमीहरूचाहिँ सुरुदेखि नै मसँग रहेका हुनाले तिमीहरू पनि मेरो साक्षी हुनेछौ।” र यूहन्ना १४:१७, १८, २६ “१७ उहाँ सत्यका आत्मा हुनुहुन्छ। तर संसारले उहाँलाई पाउन सक्दैन किनभने संसारले उहाँलाई न देख्छ न त चिन्छ। तर तिमीहरूले उहाँलाई चिन्छौ किनभने उहाँ तिमीहरूसँगै रहनुहुन्छ र उहाँ तिमीहरूमा बास गर्नुहुनेछ। १८ म तिमीहरूलाई टुहुराजस्तै पारेर छोड्दिनँ, म फेरि तिमीहरूकहाँ आउनेछु।...२६ २६ पिताले मेरो नाउँमा सहायता गर्न पठाउनुहुने पवित्र आत्माले (सान्त्वनाकारी) तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ र मैले भनेका सबै कुराको सम्झना गराउनुहुनेछ।"

येशूको अनुसार पवित्र आत्माले अगुवाई गर्नुहुन्छ, बोल्नुहुन्छ, सुन्नुहुन्छ, सत्यको रहस्यलाई बताउनुहुन्छ र येशूलाई महिमा गर्नुहुन्छ वा उहाँको भाऊलाई उचाल्नुहुन्छ (यूहन्ना १६:१३,१४ रूपान्तरित)। पवित्र आत्माले हामीलाई सिकाउनुहुन्छ र विगतमा सिकेकाकुराहरूलाई याद दिलाउनुहुन्छ (यूहन्ना १६:८ रूपान्तरित)। उहाँ हामीहरूको जीवनमा रहनुहुन्छ (यूहन्ना १४:१७ रूपान्तरित), उहाँले येशूको बारेमा साक्षी दिनुहुन्छ (यूहन्ना १५:२४,२६ रूपान्तरित) र येशूले फेरि थप्नुहुन्छ "८ उहाँ आउनुभएपछि संसारका मानिसहरूलाई पाप, सत्यता र परमेश्वरको न्यायबारे तिनीहरूले भुल गरिरहेका छन् भनी देखाउनुहुनेछ। ९ ममा विश्वास नगर्नु नै पाप हो भनी उहाँले तिनीहरूलाई देखाई दिनुहुनेछ।" (यूहन्ना १६:८-९)। माथिका क्रियाकलापहरूले आफैले सोच्न सक्ने क्षमता भएको स्वतन्त्र व्यक्तित्वको बारेमा बखान गरेको देखाउँछ। कुनै हुरी बतास जस्ता तत्व, अदृष्य उर्जा र बल वा शक्तिले काम गर्ने जस्तो व्यक्तित्व भएको पवित्र आत्मा हुनुहुन्छ भनेर ती वर्णनले हामीलाई आभास् दिँदैन।

यूहन्ना १४:१६-१८ पढ्नुहोस्। येशूले गर्नुभएको प्रतिज्ञा कसरी सत्यमा परिणत हुनसक्छ? चेलाहरू एक्लै वा टुहुरा छोडिने छैन भन्नुको अर्थ के हो? हेर्नुहोस्: "१६ म पितासँग माग्नेछु र उहाँले तिमीहरूलाई मेरो सट्टामा अर्का एक जना सहायक पठाइदिनुहुनेछ र उहाँचाहिँ सधैँभरि तिमीहरूसँगै रहिरहनुहुनेछ। १७ उहाँ सत्यका आत्मा हुनुहुन्छ। तर संसारले उहाँलाई पाउन सक्दैन किनभने संसारले उहाँलाई न देख्छ न त चिन्छ। तर तिमीहरूले उहाँलाई चिन्छौ किनभने उहाँ तिमीहरूसँगै रहनुहुन्छ र उहाँ तिमीहरूमा बास गर्नुहुनेछ। १८ म तिमीहरूलाई टुहुराजस्तै पारेर छोड्दिनँ, म फेरि तिमीहरूकहाँ आउनेछु।"

येशूले उहाँका भक्तहरूप्रति गम्भिररूपमा चासो राख्नुहुन्छ। उहाँले उहाँका चेलाहरूलाई टुहुरा छोड्नुहुनेछैन। पवित्र आत्मा पठाउन उहाँले प्रतिज्ञा गर्नुभएको छ। यहाँ येशूले तिनीहरूको निम्ति अर्को सहयोगी वा सान्त्वनाकर्ता पठाउनुहुनेछ भनेर प्रतिज्ञा गर्नुभएको छ। येशूले यहाँ प्रयोग गर्नुभएका शब्दहरू अति महत्त्वपूर्ण छन्। उहाँले अर्को सहयोगी पठाउने प्रतिज्ञा गर्नुभएको छ। तर उहाँले फरक व्यक्ति पठाउने भन्नुभएको छैन। ग्रीक भाषामा "अर्को"लाई आलोस् (allos) प्रयोग गरिएको छ। नयाँ करारमा प्रयोग गरिएको ग्रीक भाषामा आलोसको अर्थ ख्रीष्टले आर्को सान्त्वनाकर्ता वा सहयोगी

पठाउनुहुने भनेको छ। यो सहयोगकर्ता वा सान्त्वनाकर्ता फरक व्यक्ति हुनुहुन्छ। तर उहाँसँग त्यही चरित्र वा स्वभाव छ जुन् परमेश्वरको थियो। अर्को शब्दमा भन्ने हो भने उहाँले त्यस व्यक्तिलाई पठाउनुहुनेछ जो आफू जस्तै हुनुहुन्छ। त्यस व्यक्तिले येशूको ठाउँमा काम गर्नुहुन्छ। त्यस सहयोगी वा सान्त्वनाकर्ताले हामीहरूको जीवनमा ख्रीष्टले सुरू गर्नुभएको कामलाई निरन्तरता दिनुहुनेछ। पवित्र आत्माले ख्रीष्टको प्रतिनिधि भएर काम गर्नुहुन्छ।

जुन् त्यो काम पवित्र आत्माले त्यो सहयोगी वा सान्त्वनाकर्ताको काम हो। बाइबलमा प्रयोग गरिएको सहयोगी वा सान्त्वनाकर्तालाई ग्रीक भाषामा पाराकलेटस्-parakletes भनिन्छ (यूहन्ना १४:१६)। यसले त्यस व्यक्तिलाई जनाउँछ जसले हामीलाई आवश्यक परेको बेलामा सहयोग गर्छन् वा सहायता गर्छन्। त्यसकारण जसरी येशू व्यक्ति हुनुहुन्छ त्यसरी नै पवित्र आत्मा पनि व्यक्ति हुनुहुन्छ। व्यक्तिगत रूपमा पवित्र आत्माले गर्नुहुने कामको स्वभावलाई व्याख्या गरेर बाइबलले त्यस धारणालाई समर्थन गर्दछ (यूहन्ना १४:२६, यूहन्ना १५:२६, प्रेरित १५:२८, रोमी ८:२६, १ कोरन्थी १२:११ र १ तिमोथी ४:११)।

पवित्र आत्मा कुनै शक्ति, हावा जस्तो व्यक्तित्वहीन आत्मा नभएर व्यक्ति हुनुहुन्छ भन्ने आत्मज्ञानले हामीलाई के सान्त्वना मिल्दछ?

## २. पवित्र आत्मा व्यक्ति कसरी बन्न पुग्नुभएको छ? भाग १ (रोमी ८:१४-१६)

देहायका पदहरू पढ्नुहोस्। के ती पदहरूले त्यस शक्तिको बारेमा चर्चा गरिरहेको छ जस्तो कुनै व्यक्तित्व नै छैन? किन र किन होइन? हेर्नुहोस्: रोमी ८:१२-१७, २६-२७ "१२ यसैले त भाइ हो, पापमय स्वभावअनुसार जिउनलाई हामी पापमय स्वभावप्रति बाध्य छैनौं। १३ किनकि पापमय स्वभावअनुसार जिउँछौ भने, तिमीहरू मर्छौ, तर यदि पवित्र आत्माद्वारा शरीरका कार्यहरू तिमीहरूले निर्मूल पार्‍यौ भने, तिमीहरू जिउनेछौ। १४ किनभने सबै, जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्। १५ किनभने फेरि डरमा पर्नलाई दासत्वको आत्मा तिमीहरूले पाएका छैनौ, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौ। यसैले जब हामी परमेश्वरलाई "अब्बा, पिता" भनी पुकाछौं, १६ त्योचाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मासँग गवाही दिनुभएको हो। १७ र सन्तान हौं भनेता उत्तराधिकारी पनि हौं, परमेश्वरका उत्तराधिकारी

र ख्रीष्टसँग साझे-उत्तराधिकारी। उहाँसँग दुःख भोग्छौं भनेता हामी उहाँसँगै महिमित पनि हुनेछौं।... २६ त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ। कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ। २७ र मानिसहरूका हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ, किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरूका निम्ति मध्यस्थता गर्नुहुन्छ।', रोमी १५:३० "३० भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्ट र पवित्र आत्माको प्रेमद्वारा मेरो निम्ति परमेश्वरसँग प्रार्थना गर्न मसँग घोर प्रयत्न गर भनी म तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु ", १ कोरन्थी २:१०,११ "१० यदि ख्रीष्ट तिमीहरूमा हुनुहुन्छ भने, पापको कारणले तिमीहरूका शरीर मरेका भए तापनि तिमीहरूका आत्मा धार्मिकताको कारणले जिउँदा हुन्छन्। ११ तर यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुनेका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, ख्रीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरूमा वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ।", प्रेरित ८:२९ "२९ तब पवित्र आत्माले फिलिपलाई भन्नुभयो, "जाऊ र त्यस रथको साथ लाग।", प्रेरित १०:१९,२० "१९ जब पत्रुसले आफूले पाएको दर्शनको विषयमा विचार गरिरहेका थिए तब पवित्र आत्माले तिनलाई भन्नुभयो, "हेर, तीन जना मानिसले तिमीलाई खोज्दैछन्। २० उठ, र तल जाऊ, र नहिचकिचाईकन तिनीहरूका साथ लाग, किनभने तिनीहरूलाई मैले पठाएको हुँ।" र प्रेरित २८:२५,२६ "२५ उनीहरू आपसमा असहमत भए, र बिदा हुन लाग्दा पावलले यो अन्तिम वक्तव्य दिए, "तिमीहरूका पिता-पुर्खालाई यशैया अगमवक्ताद्वारा पवित्र आत्माले भन्नुभएको वचन ठीकै थियो, २६ 'यी मानिसहरूकहाँ गएर भन्, "सुन्न त तिमीहरू सुन्छौ, तर कहिल्यै बुझ्दैनौ, हेर्न त हेर्छौ, तर कहिल्यै देख्दैनौ।"

के कुनै हावादारी शक्ति वा व्यक्तित्व नभएको शक्तिले हामीहरूको बीचमा आएर परमेश्वर र हामीहरूको बीचमा हाम्रो निम्ति सहजकर्ता भएर काम गर्न सक्छ र? के त्यस व्यक्तित्व नभएको आत्माले वा शक्तिसँग अधिकार वा शक्ति हुन्छ जसले परमेश्वरको गतिविधिको बारेमा हामीलाई देखाउन सक्छ? के व्यक्तित्व नभएको शक्तिसँग बोल्ने शक्ति हुन्छ र? पवित्र आत्मा कुनै व्यक्तित्व नभएको शक्ति भन्दा व्यक्तित्वभएको व्यक्ति हुनुहुन्छ भन्ने

कुरो मनासिव हो भनेर माथि उल्लेख गरिएका सबै पदहरूले हामीलाई बताउँदछ।

देहायका पदहरूले पवित्र आत्माको भावना छ, सोच्नुहुन्छ र वास्तविक व्यक्तिको जस्तो चालामाला छ भनेर कसरी देखाउँदछन्? हेर्नुहोस्ः एफिसी ४ः३० "अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ।", प्रेरित ५ः३,९ "३ तर पत्रुसले भने, "ए हननिया, पवित्र आत्मासँग झूट बोल्ने र जमिनको बिक्रीको मोलबाट केही हिस्सा आफूसँग राख्ने कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो? ४ त्यो बिक्री नभइञ्जेल के त्यो तिम्रो आफ्नै थिएन? र त्यो बिक्री भएपछि पनि त्यो तिम्रै अधिकारमा थिएन र? यस्तो काम गर्ने विचार तिम्रो हृदयमा कसरी आयो? तिमीले मानिसहरूलाई त होइन, तर परमेश्वरलाई नै ढाँटेका छौ।... ९ तर पत्रुसले त्यसलाई भने, "तिमीहरूले प्रभुका आत्माको परीक्षा गर्न कसरी मिलेर मतो गऱ्यौ? हेर, तिम्रा पतिलाई गाड्नेहरू ढोकामै छन् र तिनीहरूले तिमीलाई बोकेर बाहिर लैजानेछन्।", १ कोरन्थी १२ः४-११ "४ वरदानहरू विभिन्न किसिमका छन्, तर पवित्र आत्मा एउटै हुनुहुन्छ। ५ सेवाहरू धेरै थरीका हुन्छन्, तर प्रभु एउटै हुनुहुन्छ। ६ कामहरू धेरै किसिमका छन्, तर उनै परमेश्वरले हरेकलाई ती काम गर्ने प्रेरणा दिनुहुन्छ। ७ सबैका हितको लागि नै पवित्र आत्माको काम प्रकट हुन हरेकलाई दिइएको छ। ८ कसैलाई पवित्र आत्माद्वारा बुद्धिका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माअनुसार ज्ञानका कुरा बोल्ने, ९ कसैलाई उनै पवित्र आत्माद्वारा विश्वास गर्ने, कसैलाई उनै एक पवित्र आत्माद्वारा रोग निको पार्ने वरदानहरू दिइएका छन्, १० कसैलाई आश्चर्य कामहरू गर्ने, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरू छुट्ट्याउन सक्ने, कसैलाई भिन्न-भिन्न किसिमका भाषाहरू बोल्ने, कसैलाई चाहिँ ती भाषाहरूको अर्थ खोलिदिने। ११ तर यी सबै उनै एक पवित्र आत्माका कामहरू हुन्। उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ।" र रोमी १५ः३० "भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्ट र पवित्र आत्माको प्रेमद्वारा मेरो निम्ति परमेश्वरसँग प्रार्थना गर्न मसँग घोर प्रयत्न गर भनी म तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु।"

कुनै पनि व्यक्तित्वका तिन गुणहरू हुन्छन्ः ज्ञानबुद्धि वा बुझ्ने क्षमता, भावना र इच्छा वा निर्णय गर्ने दक्षता। केवल व्यक्तिलेमात्र दुःख वा शोकको अनुभव गर्न सक्छ। केवल व्यक्तिलाईमात्र धोका दिन सक्छ र झुठो कुरो गर्न

सक्छ। केवल व्यक्तिले मात्र के गर्ने वा नगर्ने भनेर निर्णय गर्न सक्छ। (कुनै पनि मानिस स्वतन्त्र रूपमा निर्णय गर्ने अधिकारले सुसम्पन्न भएको छ भने त्यस मानिसमा हुनुपर्ने व्यक्तित्वको गुणहरूमध्ये त्यो पनि एक महत्त्वपूर्ण गुण भएको मान्नुपर्छ)। प्रेम गर्ने शक्ति केवल व्यक्तिमा मात्र हुन्छ। सत्य प्रेम असंमदेनशील हुँदैन। कसैले कसैलाई प्रेम वा माया गर्छ वा स्नेह देखाउँछ भने त्यसमा अत्यन्त व्यक्तिगत स्पर्श हुन्छ।

व्यक्तिमा हुनुपर्ने ती सबै गुणहरूले सुसम्पन्न भएकोले पवित्र आत्मालाई थाहा छ कि उहाँ को हुनुहुन्छ। उहाँको आफ्नै आत्मनिर्णय गर्ने अधिकार छ। र उहाँले आफूले सोचेको अनुसार स्वतन्त्र रूपमा काम गर्न निर्णय गर्नुहुन्छ। उहाँमा इश्वरीय प्रेम गर्ने क्षमता छ। उहाँमा भएको शक्तिमा कुनै कमजोरी छैन। उहाँ कुनै व्यक्तित्व नभएको बल वा उर्जा होइन। बरू बाइबलमा पवित्र आत्माको बारेमा सम्बोधन गर्दा ती व्यक्तित्वहरूको पहिचान दिएर बोलेको पाइन्छ। किन त? त्यो किनभने परमेश्वर आफै पनि व्यक्तिगत परमेश्वर हुनुहुन्छ। र पवित्र आत्मा परमेश्वर हुनुहुन्छ।

"पवित्र आत्मासँग व्यक्तित्व छ। यदि उहाँमा त्यो व्यक्तित्व छैन भने? तब हामी परमेश्वरका सन्तान हौं भने उहाँले हामीलाई भन्न सक्नुहुन्न न त उहाँ हामीसँग हुनसक्नुहुन्छ। उहाँ परमेश्वरको स्वभाव भएको व्यक्ति पनि हुनुपर्छ। फेरि, यदि उहाँ परमेश्वर हुनुहुन्न भने? तब परमेश्वरको दिमागमा भएको लुकिएका रहस्यहरूलाई उहाँले खोज्ने क्षमता हुने थिएन।"-एलेन जी ह्वाइट, *इभान्जलिजम,* पृ. ६१७बाट रूपान्तरित।

पवित्र आत्मा कुनै हावा जस्तो बिलाएर जाने वा व्यक्तित्व नभएको नभइ व्यक्ति नै हुनुहुन्छ भनेर बाइबलको दृष्टिकोण छ। त्यस दृष्टिकोणलाई आत्मसात् गर्दा उहाँसँग हुने हामीहरूको सम्बन्धलाई व्याख्या गर्न र त्यसले हामीहरूको आचरणप्रति हामी संवेदनशील हुन कसरी सहयोग गर्दछ? यदि पवित्र आत्मा कुनै व्यक्तित्व नभएको शक्ति वा हावा जस्तो आत्मा हो परमेश्वर होइन भन्ने कुरालाई विश्वास हामीले गर्‍यौं भने हामीहरूको जीवन कसरी फरक हुने होला?

## ३. पवित्र आत्मा व्यक्ति कसरी बन्न पुगनुभएको छ? भाग २ (रोमी १५:१३)

पवित्र आत्मा को हुनुहुन्छ भनेर बुझ्न खोज्नु नै हामीहरूको निम्ति चुनौतिको विषय हो। झट्ट हेर्दा पवित्र आत्मा व्यक्ति हुनुहुन्छ भनेर कल्पना

गर्नु गाऱ्हो छ। उहाँलाई न देख्न सक्छ, न छुन सक्छ न त हामीहरूको इच्छा अनुसार अनुभव गर्न सकिन्छ वा भावनालाई जस्तो हामी अनुभव गर्न सक्छौं। परमेश्वर पिता जसमा आफ्नै अमरत्व भएको शरीर छ जसलाई देख्न सक्छौं, छुन सक्छौं र मनोभावानले अनुभव गर्नसक्छौं (हामीहरूको पतित आँखा र हातले अनुभव गर्न नसकेतापनि उहाँको पुत्रले परमेश्वर पिताको ठोस अस्तित्वलाई देख्न, सुन्न र छुन सक्नुहुन्छ)। सुसमाचारका पुस्तकहरूले गर्दा हामी सबैजसोलाई येशूको बारेमा स्पष्ट चित्र अनुमान गर्न सक्छौं। उहाँले हामी मानिसक जस्तो रूप धारण गर्नुभयो। उहाँ पापरहित र हामी पापी भएतापनि उहाँको मानविय व्यक्तित्वलाई हामीले हामीहरूको हृदयमा कोर्न सक्छौं।

तर पवित्र आत्माको बारेमा धेरै भिन्न तरिकाले चित्रण गरेको छ। उहाँ शारीरिक शरीर छैन। त्यसले गर्दा उहाँ त्यस्तो हुनुहुन्छ जसले छुन सक्दैन भन्ने भावना हामीमा छ। त्यसै कारण परमेश्वर पिता र परमेश्वर पुत्रलाई बुझ्न सकेको जस्तै उहाँको बारेमा बुझ्न हामीलाई गाऱ्हो भएको महसुस गर्छौं।

त्यसको परिणामस्वरुप, पवित्र आत्मा व्यक्तित्वहीन शक्ति हुनुहुन्छ भनेर धेरैले निश्कर्ष निकालेको पाइन्छ। तर त्यस प्रकारको धारणाले पवित्र आत्माको सत्यताको बारेमा असली चित्रण नगरेको देखिन्छ। बाइबलमा पवित्र आत्माको बारेमा धेरै पदहरू छन्। तर मानौं पवित्र आत्मा केवल व्यक्तित्वहीन भएको कुनै शक्ति वा उर्जा वा बल हुनुहुन्छ रे! यदि हो भने बाइबलमा दिएका देहायका केही पदहरूको कुनै अर्थ नहुन सक्छ।

ध्यान दिएर बाइबलमा लेखिएका तलको दुई पदहरू पढ्नुहोस्। त्यसमा पवित्र आत्मालाई पवित्र आत्माको सट्टा व्यक्तित्वहीन शक्ति भन्ने शब्द प्रयोग गर्नुहोस्। तब त्यसको अर्थ के हुन्छ? के ती पदहरू अझ अर्थपूर्ण देखिन्छ र? पवित्र आत्मा सही व्यक्ति हुनुहुन्छ भनेर विश्वास गरियो भनेमात्र ती पदहरू अर्थपूर्ण भएको किन देखिन्छ?

रोमी १५:१३ "आशाका परमेश्वरले तिमीहरूलाई विश्वासद्वारा सम्पूर्ण आनन्द र शान्तिले भरिपूर्ण गरिदेऊन्, यस हेतुले कि पवित्र आत्माको शक्तिले तिमीहरू आशामा प्रशस्त हुन सक।"

१ कोरन्थी २:४,५ "४ मेरो उपदेश र सन्देश घतलाग्दो र बुद्धिपूर्ण शब्दमा थिएन, तर पवित्र आत्माको र शक्तिको प्रदर्शनमा थियो, ५ ताकि

तिमीहरूको विश्वास मानिसको बुद्धिमा होइन, तर परमेश्वरको शक्तिमा आधारित होस्।"

"पवित्र आत्मा र हाम्रो निम्ति असल देखिएको हुनाले" भनेर घोषणा गर्दै प्रेरित १५:२८ पद सुरू गर्दछ (रूपान्तरित)। यदि पवित्र आत्मा केवल कुनै शक्ति, उर्जा वा व्यक्तित्वहीन बलमात्र भएको हो भने त्यस पद अर्थपूर्ण देखिन्दैन। यस पदले
व्यक्तित्व भएको अर्को व्यक्तिलाई औंल्याउँछ। परमेश्वर पिता र परमेश्वर पुत्र व्यक्ति विशेष जीवहरू हुनुहुन्छन् भने पवित्र आत्मा पनि व्यक्ति हुनुहुन्छ।

"पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देऊ" भनेर येशूले विश्वासीहरूलाई अऱ्हाउनुभएको छ (मत्ती २८:१९ रूपमान्तरित)। तर यदि पिता र पुत्रमात्र व्यक्ति हुनुहुन्छ र तेस्रो पवित्र आत्मा व्यक्ति होइन भने त्यस निर्देशनको अर्थ के देखा पर्न सक्छ? तर ती तिनै जना एकै नाउँका भागहरू हुनुहुन्छ भनेर हामीले महसुस गर्नुपर्छ जसको नाउँमा हामी बप्तिस्मा लिन्छौं। यसैमा पनि पिता र पुत्रको बराबरीमा पवित्र आत्मा हुनुहुन्छ भनेर देखाउँछ।

एलेन जी ह्वाइटले यो बुद्धिमतापूर्ण भावना व्यक्त गर्नुहुन्छ, "स्वर्गको त्रीएक समूहमा तिन जीवित व्यक्तित्वहरू हुनुहुन्छ...पिता, पुत्र र पवित्र आत्मा।"-*इभान्जलिजम्,* पृ. ६१५बाट रूपान्तरित। त्यसकारण, पवित्र आत्मा व्यक्ति हुनुहुन्छ भन्ने कुरामा एलेन जी ह्वाइट पनि स्पष्ट भएको पाइन्छ।

## ४. सत्यको आत्मा (यूहन्ना १४:६)

येशूले देहायका पदहरूमा सत्यको बारेमा चर्चा गर्नुभएको छ। त्यसको अर्थ के हो? हेर्नुहोस्: यूहन्ना १४:६ "६ येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।" र यूहन्ना १७:१७ "१७ तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो।"

यूहन्नाको सुसमाचारमा *सत्य* भन्ने शब्द अत्यन्त महत्त्वपूर्ण छ। वर्तमान परिवेशमा सत्य भन्ने धारणा अत्यन्त अस्पष्ट छ। यसलाई परिभाषित गर्न पनि गाऱ्हो छ। के ठिक छ भन्ने धारणामा सत्य आधारित हुन्छ तर त्यसलाई व्यवहारमा उतार्नैपर्छ भन्ने छैन। पश्चिमका देशहरूमा सत्य भन्ने शब्द ग्रीक वा युनानीका दार्शनिकहरूले सत्यको बारेमा व्यक्त गरेका दर्शनहरूमा आधारित भएको पाइन्छ। तर तिनीहरू सयौं वर्ष पहिले रहेका

थिए। सत्य भनेको व्यक्तिगत र ठिक अर्थ बाइबलमा विशेष गरेर यूहन्नाको सुसमाचारमा प्रस्तुत गरेको छः येशू सत्य हुनुहुन्छ (यूहन्ना १४:६)। परमेश्वरको लिखित वचन बाइबल सत्य हो (यूहन्ना १७:१७, भजन ११९:१४२)। परमेश्वरको सत्य हामीलाई अत्यन्त शक्तिशाली र अत्यन्त शिर्ष तरिकाले येशू ख्रीष्टको व्यक्तिमा थाहा दिइएको छ। आफू को हुनुहुन्छ भनेर परमेश्वरले येशूद्वारा प्रकट गर्नुभएको छ। यस आत्मज्ञानलाई बाइबलले हामीलाई अत्यन्त स्पष्ट रूपमा कोरेको छ।

पवित्र आत्मा "सत्यको आत्मा"को रूपमा कसरी काम वा सेवा गर्नुहुन्छ भनेर देहायका पदहरूले कसरी देखाउँछ? हेर्नुहोस्ः यूहन्ना १५:२६ " “जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात् सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ।" र यूहन्ना १६:१३ "जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।"

सत्यको आत्माले सबै सत्यमा हामीलाई अगुवाई गर्नुहुनेछ भनेर यूहन्ना १६:१३ले हामीलाई बताउँछ। येशू ख्रीष्टलाई औँल्याएर पवित्र आत्माले हामीलाई सबै सत्यतिर अगुवाई गर्नुहुन्छ। उदाहारणमा, येशूले के भन्नुभयो (यूहन्ना १५:२६) र हाम्रो निम्ति के गर्नुभयो सो याद दिलाउन पवित्र आत्माले सहायता गर्नुहुन्छ। त्यसकारण पवित्र आत्माले हामीलाई जुन् सत्यतिर लैजानुहुन्छ त्यो सत्य अत्यन्त व्यक्तिगत हो। पवित्र आत्माले येशूलाई उचाल्नुहुन्छ। अर्थपूर्ण जीवन र येशूसँग सत्यवादी भएर सम्बन्ध राखी रहन हामीलाई पवित्र आत्माले नै डोऱ्याउनुहुन्छ। येशूले पनि सामरी स्त्रीसँग आत्माको बारेमा चर्चा गर्नुभएको थियो। "सत्यमा र आत्मामा परमेश्वरको आराधना गर्नुपर्छ" भनेर उहाँले भन्नुभएको थियो (यूहन्ना ४:२४)। पवित्र आत्माले हामीलाई अगुवाई गरुन् भनेर हामीले बिन्ति गर्नुपर्छ भनेर हामीलाई भनिएको छ। त्यो किनभने पवित्र आत्माले नै हामीलाई येशूतिर लैजानुहुन्छ। र येशू "बाटो, सत्य र जीवन हुनुहुन्छ" (यूहन्ना १४:६)।

बाइबलमा उल्लेख गरिएको सत्य कुनै अस्पष्ट वा सुधारिएको मत वा सिद्धान्त होइन। हामीहरूको सृष्टिकर्ता र मुक्तिदातासँग गहिरो व्यक्तिगत र बफादारी सम्बन्धमा सत्य समावेश भएको हुन्छ। हामीहरूको सृष्टिकर्ता

"सत्यको परमेश्वर" भनेर सम्बोधन गरिएको छ (व्यवस्था ३२:४ र भजन ३१:५)। त्यसकारण पवित्र आत्मालाई "सत्यको आत्मा" भन्न उचित छ (यूहन्ना १४:१७), यूहन्ना १६:१३)। आखिरमा परमेश्वर पिताले नै हामीलाई आत्मालाई पठाउनुहुन्छ (यूहन्ना १५:२६)। पवित्र आत्मा कहाँबाट आउनुहुन्छ त्यसले गर्दा उहाँको व्यक्तिगत चरित्रलाई देखाउँछ। उहाँ परमेश्वर हुनुहुन्छ भनेर पनि देखाउँछ। सत्य कुनै मत, सिद्धान्त वा धारणा नभएर व्यक्ति हुनुहुन्छ भन्ने आत्मज्ञान तपाईंको निम्ति के अर्थ छ? सोच्नुहोस्।

## ५. पवित्र आत्मा को हुनुहुन्छ त्यो जान्न के आवश्यक छ र? (रोमी ५:५)

के पवित्र आत्माको व्यक्तित्व वा आफ्नै विशिष्ट गुण छ? यो प्रश्न अत्यन्त महत्त्वपूर्ण छ। यस प्रश्नले हामीहरूको आत्मिक जीवनको प्रत्येक पक्षलाई अत्यन्त वास्तविक र व्यवहारिक रूपमा असर पार्दछ। "पवित्र आत्मा परमेश्वरिय व्यक्तित्व भएको व्यक्ति हुनुहुन्छ भनेर हामी मानौं। र उहाँ व्यक्तित्व नभएको कुनै शक्ति, बल वा उर्जा हुनुहुन्छ भनेर पनि सोचौं। यदि त्यत्तिमात्र हुनुहुन्छ भनेर हामीले विश्वास गऱ्यौं भने हामीबाट व्यक्ति विशेष परमेश्वरले पाउनुपर्ने श्रद्धा, सम्मान् र प्रेम जसको निम्ति उहाँ योग्यको हुनुहुन्छ त्यो उहाँबाट हामीले लुटिरहेका हुन्छौं।"-लिन्वाए इडविन फ्रुम, द कमिङ्ग अभ कम्फोर्टर, पृ. ४०बाट रूपान्तरित।

मानौं पवित्र आत्मा रहस्यमय परमेश्वरको शक्ति हुनुहुन्छ भनेर हामीले सोच्यौं। अनि हामीहरूका सोचहरू यो हुनुसक्छः तब हे प्रभु तपाईंले बनाउनुभएको योजना अनुसार मसँग कसरी धेरै पवित्र आत्माले भर्न पाउँ? तर यदि पवित्र आत्मा व्यक्तित्व भएको परमेश्वर हुनुहुन्छ भनेर हामीले मान्यौं भने हामीले यो प्रार्थना गर्नेछौंः मेरो धेरै म पवित्र आत्माको बनाउने अर्थात् मेरो सम्पूर्ण जीवनका पक्षहरूलाई उहाँको पकडमा राख्ने? यो विषय स्पष्ट छः के तपाईंले पविब आत्मालाई कब्जामा राख्न चाहनुहुन्छ वा पवित्र आत्माले तपाईंलाई कब्जामा राखेको चाहनुहुन्छ? के उहाँको आवाज वा असरको विपक्षमा तपाईं जानुहुन्छ? वा अत्यन्त आनन्दित र हर्षित भएर उहाँको वचनलाई पालन गर्न चाहनुहुन्छ (रोमी ८:१२-१४ र गलाती ५:१८-२४ पढ्नुहोस्)? के तपाईंको योजना अनुसार पवित्र आत्मालाई तपाईंले प्रयोग गर्न चाहनुहुन्छ? वा तपाईं उहाँमाथि भर पर्नु हुन्छ? तपाईं येशू ख्रीष्ट जस्तो बन्न के तपाईंले पवित्र आत्माको सहयोगको अपेक्षा गर्नुहुन्छ? तपाईंप्रति उहाँको

दिमागमा के छ गर्न दिन के तपाईंले उहाँलाई विश्वास गर्नुहुन्छ? के तपाईंले यो तथ्यलाई गम्भिररूपमा लिनुहुन्छ "तिमीहरूको शरीरहरू पवित्र आत्माको मन्दिर हुन्? तिमीहरूमा पवित्र आत्मा हुनुहुन्छ र तिमीहरूले परमेश्वरबाट पवित्र आत्मा पाएका छौ।" (१ कोरन्थी ६:१९ रूपान्तरित)। के तपाईंको जीवन यापनले परमेश्वरको महिमा गर्न तपाईं चाहनुहुन्छ?

देहायका केही पदहरूले परमेश्वरको प्रेम र पवित्र आत्मा एक आपसमा गाँसिएको पाउँछौं। तपाईंको आफ्नै जीवन र समुच्च चर्चको जीवनमा त्यस प्रेमले कसरी असर पारिरहेको छ? हेर्नुहोस्ः रोमी ५:५ "आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।" र एफिसी २:१८-२२ "१८ किनकि उहाँद्वारा नै हामी दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं। १९ यसरी अब तिमीहरू विदेशी र प्रवासी होइनौ, तर सन्तहरूसँग तिमीहरू सङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरू भएका छौ। २० त्यो घराना प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि बसालेर निर्माण भएको छ, र ख्रीष्ट येशू आफैचाहिँ मुख्य कुने-ढुङ्गो हुनुहुन्छ। २१ उहाँमा पूरै घर ठीकसँग एकैसाथ जोडिएर प्रभुमा एउटै पवित्र मन्दिर हुनलाई बढ्दैजान्छ। २२ अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरू पनि उहाँमा एकसाथ निर्माण हुँदैजान्छौ।"

व्यक्तित्व भएको व्यक्तिले मात्र एक आपसमा स्वतन्त्र रूपमा सहकार्य गर्न सक्छ। हामीहरूको व्यक्तित्व र समुच्चरूपमा चर्चलाई परिवर्तन गर्न पवित्र आत्माले अगुवाई गर्नुहुन्छ। त्यसकारण उहाँसँग सहकार्य गर्न हामीहरूलाई आह्वान गरिएको छ। त्री-एक परमेश्वरमा (पिता, पुत्र र पवित्र आत्मा) पवित्र आत्मा पनि एक व्यक्ति हुनुहुन्छ भनेर स्वीकार गर्नु आवश्यक छ। तर यदि हामीले सो स्वीकार गरेनौं भने? तब उहाँलाई पन्छाएर बस्न हामीलाई सजिलो हुनेछ। उहाँको आह्वानलाई नसुन्न हामीहरूको हृदयलाई कठोर बनाउन हामीलाई सजिलो हुनसक्छ। उहाँको अगुवाईमा वा प्रभावमा हामीहरूको जीवनलाई परिवर्तन नगरोस् भनेर हामीहरूका हृदयहरू कडा पनि पार्न सक्छौं। हामी पतित भएका छौं भनेर हामीले जहिले पनि सम्झिनुपर्छ। हामी पापले गर्दा हामीहरूको स्वभाव, चरित्र र नियतहरू क्षतविक्षत भएका छन्। परमेश्वरबाट पाउने जीवन परिवर्तित गर्ने अनुग्रको आवश्यकता हामीलाई जहिले पनि चाहिरहेको हुन्छ। त्यसले गर्दा हामीहरूको जीवनमा जे

उचित वा ठिक छ सो गर्न पवित्र आत्माले सम्झाइरहने आवाजलाई पन्छाउने प्रवृत्तिबाट हामी जोगिनु अत्यन्त आवश्यक छ। यथार्थमा भन्ने हो भने हामीहरूको जीवनका जतिसुकै धेरै पक्षहरू छन् तिनीहरूलाई उहाँमा सुम्पिनु आवश्यक छ।

"पवित्र आत्मालाई हामी प्रयोग गर्न सक्दैनौं। पवित्र आत्माले हामीलाई प्रयोग गर्न दिनुपर्छ।"-एलेन जी ह्वाइट, डिजाएर अभ एजेज्, पृ. ६७२बाट रूपान्तरित। एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको त्यस उद्‌गारलाई तपाईं के भन्नुहुन्छ? पवित्र आत्माले हामीलाई कसरी प्रयोग गरन दिने? (हेर्नुहोस्ः फिलिप्पीहरूलाई २ः१३ "किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ।"

**उपसंहारः**

सामग्री उपलब्ध भएमा थप जानकारीः एलेन जी ह्वाइटले पवित्र आत्मासम्बधी लेखेका द डिजाएर अभ एजेजको पृ. ६६९-६७२ र इभान्जलिजम, पृ. ६१३-६१७ पढ्नुहोस्।

येशूले आफ्ना चेलाहरूलाई मत्ती १८ः२०मा काम गर्न तिनीहरूलाई नियुक्ति गरिएको भनेर भन्नुभएको छः "अनि येशू चेलाहरूकहाँ आउनुभयो र भन्नुभयो, "स्वर्ग र पृथ्वीको सबै अधिकार मलाई सुम्पिएको छ। त्यसकारण तिमीहरू गएर सबै देशका मानिसहरूलाई चेला बनाउनुपर्छ। पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देऊ। मैले तिमीहरूलाई निर्देशन दिएको अनुसार सबै कुरा पालन गर्न सिकाऊ। अत्यन्त अन्तिम समयसम्म म तिमीहरूको साथमा सधैं हुनेछु भन्ने कुरामा धुक्क बन।" (रूपान्तरित)। याद गर्नुहोस्, येशूले उहाँका चेलाहरूलाई पिता, पुत्र र पवित्र आत्माको "नाउँमा" बप्तिस्मा दिएर चेला बनाऊ भन्नुभएको छ। उहाँले बहुवचन प्रयोग गरेर पिता, पुत्र र पवित्र आत्माका 'नाउँहरूमा" बप्तिस्मा देऊ भन्नुभएन तर केवल "नाउँ"मात्रै। यो "नाउँ" भन्ने शब्द ग्रीक भाषाको ओनोमा (*onoma*)बाट आएको हो। यो शब्द शक्तिशाली छ किनभने हामीले आराधाना गर्ने परमेश्वर त्रीएक परमेश्वर हुनुहुन्छ भनेर प्रमाणित गर्दछ। व्यवस्था ६ः४मा लेखिएको छ "ओ इस्राएल, सुन्ः परम प्रभु हाम्रो परमेश्वर एक हुनुहुन्छ!"

यस अध्यायमा हामीले एक उल्लेखनीय विषयमा केन्द्रित भयौं। पिता र पुत्र व्यक्तिहरू हुनुहुन्छ र उहाँहरूमा व्यक्तित्वहरू छन् भनेर कसैले सोधेको पाइन्दैन। त्यसकारण पवित्र आत्माको व्यक्तित्व र व्यक्तिको बारेमा कसैले सोध्नु किन आवश्यकता छ त? परमेश्वरले हामीलाई प्रेम, हेरचाह र सान्त्वना दिएर हामीसँग र हामीबाट काम गरिरहनुहुन्छ भनेर बाइबलले भन्दछ। त्यसमा पवित्र आत्मा पनि को हुनुहुन्छ र उहाँले के गर्नुहुन्छ भन्ने कुरामा पनि हामी यकिन छौं। पिता र येशू जस्तै शक्ति भएको पवित्र आत्मा पनि व्यक्ति नै हुनुहुन्छ भनेर थाहा पाउनु कति असल छ। हो, त्यसको बारेमा पूरा थाहा पाउन हामीलाई गाऱ्हो छ। फेरि त्यसैबखत ज्योति र हावा जस्तो आधारभूत कुराहरूको बारेमा पनि हामीलाई कतिपय कुराहरू थाहा छैन। त्यसैकारण पवित्र आत्माको बारेमा पनि पूरा थाहा पाउन नसक्नुमा हामी अचम्म मान्नुहुन्न।

**चिन्तनमनन:**

अ. सत्य भनेको व्यक्ति हुनुहुन्छ कुनै दर्शन, तर्क र धारणा होइन भन्ने कुराले हामीलाई कस्तो आभास् दिन्छ? येशू आफै सत्य किन हुनुभएको छ?

आ. एलेन जी ह्वाइटले लेखेकी छिन् "पवित्र आत्मा परमेश्वर जस्तै व्यक्ति हुनुहुन्छ। पवित्र आत्मा ती आधारहरूमा हिँड्नुहुन्छ।"- इभान्जलिजम, पृ. ६१६बाट रूपान्तरित। पवित्र आत्मा कुनै आकार वा शरीर नभएको आत्मा नभएर वास्तविक हुनुहुन्छ भनेर उक्त भनाईले हामीलाई कसरी सिकाउँछ?

इ. पवित्र आत्मा व्यक्ति हुनुहुन्छ भनेर हामीले यस अध्यायमा सिकेका कुराहरु फेरि सोच्नुहोस्। कुन कुराहरूले तपाईंलाई सान्त्वना दिन्छ? उहाँको बारेमा के व्यक्तित्व छ जुन् तपाईंको निम्ति अर्थपूर्ण छ?

ई. व्यक्तित्व भएको व्यक्तिसँग की व्यक्तित्व नभएको आत्मा वा बलसँग तपाईं कारोबार गर्न चाहनुहुन्छ? तपाईंको जवाफले तपाईंको आस्था र तपाईं आफैको बारेमा के सिकाउँछ?